राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस-नोट

२९ भदौ, २०७९

## बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगमा राष्ट्रिय मानव अधिकार आयोगको उच्चस्तरीय टोलीद्वारा अवलोकन तथा छलफल

राष्ट्रिय मानव अधिकार आयोगबाट आयोगका माननीय सदस्यद्वय डा. श्री सूर्य ढुङ्गेल र श्री मनोज दुवाडी सहितको टोलीबाट मिति २०७९/५/२७ गते बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र मिति २०७९/५/२९ गते सत्य निरुपण तथा मेलमिलाप आयोगको भ्रमण गरी ती आयोगमा रहेका उजूरीको व्यवस्थापन, फाइल तथा कागजपत्रहरुको सुरक्षा लगायतका वस्तुस्थितिको बारेमा जानकारी लिइएको छ ।

हाल ती आयोगहरुमा पदाधिकारीहरु नरहेको अवस्थामा दुवै आयोगका सचिवहरु क्रमशः श्यामकुमार भट्टराई र तोयानाथ अधिकारीले उजूरीहरुको अवस्था, सोको सुरक्षा तथा विगतमा नेपाल सरकारसमक्ष गरिएका सिफारिशहरु र कार्यान्वयन अवस्थाको बारेमा आयोगको टोलीलाई जानकारी गराउनु भएको छ । साथै, दुवै आयोगहरु र राष्ट्रिय मानव अधिकार आयोगबीच सङ्क्रमणकालीन न्यायको कार्यलाई प्रभावकारी बनाउन आपसी समन्वय तथा सहयोग आदानप्रदानको कार्यलाई निरन्तरता दिने विषयमा समेत छलफल भएको छ ।

लोकनाथ वास्तोला
उपसचिव/सहायक प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org